आज मिति २०६८ साल असार ६ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा २६ औं बैठक बसी तपसिल बमोजिमका उपस्थितिमा तपसिल बमोजिम छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उप प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३) वडा अध्यक्ष कोषि १ श्री सत्याराम श्रेष्ठ
४) " " " २ श्री गणेश बहादुर कँडेल (सकी)
५) " " " ३ श्री सूर्य कुमार श्रेष्ठ
६) " " " ४ श्री लालवीर गुरुङ
७) " " " ५ श्री बम बहादुर गुरुङ
८) " " " ६ श्री भोज बहादुर रिमाल
९) " " " ७ श्री गोविन्द बहादुर बस्नेत
१०) " " " ८ श्री पवित्रा थापा राना
११) " " " ९ श्री शरद बराल
१२) " " " १० श्री स्वर्ण बहादुर थापा
१३) " " " ११ श्री अच्युतबाबु बगाले
१४) कार्यपालिका सदस्य श्री विष्णु माया राना
१५) " " " श्री मन्दिरा दर्लामी
१६) " " " श्री देव बहादुर गाहतराज
१७) " " " श्री अन्नपूर्ण गजाकोटी
१८) " " " श्री हरिमाया गुरुङ
१९) " " " श्री दोम बहादुर [illegible]
२०) " " " श्री भुवन नेपाली
२१) " " " श्री आशा लामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद भट्टराई

सहभागी कर्मचारी
२३) कार्यक्रम अधिकृत श्री शैलेन्द्र पोखरेल
२४) अधिकृत श्री डम्बर कुमार श्रेष्ठ

**निर्णय नं. १: आ.व. २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

**बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को देहाय बमोजिमको बार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गरी स्वीकृतिका लागि यही २०७७ असार ८ गते बस्ने सातौं नगरसभा बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।**

**समष्टिगत नीतिहरु**

१. नागरिकको जीवनरक्षा र जीवन संरक्षण नगरपालिकाको पहिलो कर्तव्य भएको हुँदा कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण र उपचारको क्रममा नगरपालिकाले सम्पादन गर्नु पर्ने कार्यमा कुनै पनि संझौता नगरी कार्यसम्पादन गर्ने तथा यसबाट सिर्जित परिस्थितिको सामना गर्ने क्रममा आइपर्ने जस्तोसुकै जिम्मेवारी पनि बहन गरिनेछ ।

२. विद्यमान नयाँ परिस्थितिमा वडा तथा नगरपालिकाबाट छनौट गरिने योजनाको ढाँचा र प्राथमिकता पनि बदलिएको हुँदा नागरिक सुरक्षा र संरक्षण, स्वास्थ्य सेवा सुदृढीकरण, कृषि क्षेत्रको उत्थान तथा रोजगारी सिर्जना, उद्यमशिलता तथा जीविकोपार्जनमा प्राथमिकता दिइनेछ । साथसाथै भौतिक पूर्वाधार विकासलाई पनि जोड दिइएको छ ।

३. कोरोना संक्रमणको प्रभावले उच्च जोखीममा परेका अपांगता भएका, गर्भवती र सुत्केरी महिला र बच्चा, अति विपन्न, असहाय नागरिक, जेष्ठ नागरिक, दीर्घरोगी व्यक्ति र उक्त परिवारको लागि राहत तथा रोजगार विमुख हुन परेका युवा जनशक्तिको लागि कामको अवसर सिर्जना गर्नको लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

४. नगरवासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालनीन सोच अनुरुप नगरवासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ । योजना तथा कार्यक्रमबाट देखिने नतिजा तथा परिणाम सूचक समेत तयार गरी योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरिनेछ ।

५. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु, माननीयहरुबाट विनियोजन हुने योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु बिच आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।

६. लागत इष्टिमेट गर्नुपर्ने योजनाहरुको लागत इष्टिमेट तयार गरी उपभोक्ता समिति वा निर्माण व्यवसायीहरुसंग पहिलो चौमासिक अवधी भित्रै संझौता गरी कार्यान्वयन शुरु गरिनेछ । साथै विविध कारणले सम्झौता हुन नसकेका वा कार्यान्वयन हुन नसकेका योजनाहरुको रकमान्तर कार्य माघ मसान्त भित्रै गरिसक्नु पर्ने व्यवस्था मिलाइनेछ ।

७. नगरपालिकाको उपलब्ध श्रोत र साधनले मात्र सम्पन्न हुन नसक्ने तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजना कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसंगको सह लगानीमा समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

८. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका तथा हुन सक्ने दीर्घकालीन महत्व राख्ने ज्याक्षांङफेदी नाल्माफेदी सुरुङमार्ग, बेसीशहर गाउँशहर केबलकार, बेसीशहर, बराहपोखरी केबलकार निर्माण, सहजी रंगशाला निर्माण जस्ता नगरपालिकाको क्षमताभन्दा बाहिरका योजनाहरुको सम्भाव्यता अध्ययनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

**क्षेत्रगत नीति तथा कार्यक्रमहरु**

**स्वास्थ्य तथा पोषण :**

१. मानव जातिमाथि नै धावा बोलेको कोरोना संक्रमणको कारणले आज स्वास्थ्य क्षेत्रमा थप चुनौती र समस्याहरु सिर्जना भएको सर्वविदितै छ । एकातिर विद्यमान कोरोना महामारी नियन्त्रण र उपचारको लागि आवश्यक पर्ने औषधी, उपकरण तथा उपचार सामाग्रीको उपलब्धताको साथै अन्य व्यवस्थापकीय पक्षलाई ध्यान दिनु परेको छ भने अर्को तिर सिंगो स्वास्थ्य प्रणालीमा सुधार गर्दै जानु पर्ने आवश्यकता पनि छ । यसै परिप्रेक्ष्यमा आगामी आव २०७७/०७८ को नीति र कार्यक्रममा स्वास्थ्य सेवा क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ । राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त

गर्ने नागरिकको मौलिक हक सुनिश्चित गर्नको लागि बेसीशहर नगरपालिकाबाट स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य संस्थाहरुको सुदृढीकरण लगायत आफ्नो दायराभित्र पर्ने स्वास्थ्य सम्बन्धी यावत् कार्यलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्दै लगिनेछ ।

१०. ग्रामिण क्षेत्रका सबै नागरिकको स्वास्थ्य सेवामा सहज पहुँचको लागि घुम्ती स्वास्थ्य सेवा कार्यक्रम एवम् साधारण तथा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणलाई प्राथमिकतामा राखी घुम्ती स्वास्थ्य सेवा कार्यक्रम लगिनेछ । नियमितरुपमा आफ्नो स्वास्थ्य परीक्षण गराउनेतर्फ सम्पूर्ण नगरबासीहरुलाई उत्प्रेरित गरिनेछ ।

११. नेपाल सरकारको निरोगी नेपाल अभियानलाई सार्थक तुल्याउन आवश्यक कार्य गरिनेछ । आफ्नो स्वास्थ्य आफ्नै दायित्व स्वरुप सन्तुलित आहार, शारिरीक व्यायाम, व्यक्तिगत सरसफाईलाई समेत जोड दिनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । कुपोषणको अन्त्यका लागि बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य मुताबिक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई सबै वडाहरुमा सञ्चालन गरिनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ ।

१२. बेसीशहरस्थित लमजुङ जिल्ला सामुदायिक अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रुपमा स्तरोन्नतिको लागि अवश्यक समन्वय र सहयोग गरिनेछ । सो अस्पतालमा मृगौलाका बिरामीहरुको लागि डायलसिस सेवा शुरु गर्न अवश्यक पहल गरिनेछ । साबिकको जिल्ला अस्पतालको स्तरोन्नतिको लागि संघीय र प्रदेश सरकारबाट विनियोजित श्रोत अपुग भएमा परिपुरक सहयोग उपलब्ध गराइनेछ । चण्डीस्थान र चिसापानी स्वास्थ्य चौकी भवन निर्माणको लागि योजना माग गरि पठाइएको जानकारी गराउँदछु । सबै स्वास्थ्य चौकी र शहरी स्वस्थ्य केन्द्रहरुको आधारभूत पूर्वाधार सुधार, मर्मत सम्भार तथा स्तरोन्नतिको लागि आवश्यक सहयोग पुर्‍याइनेछ । स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउने क्रममा स साना व्यवस्थापकीय अभावमा अड्किन दिइने छैन । साथै स्वास्थ्य संस्थामा फोहरमैला व्यवस्थापन, खानेपानी, बिजुली महशुल, कम्प्युटर, इन्टरनेट जस्ता कार्यहरुको लागि पनि बजेटको व्यवस्था मिलाइनेछ ।

१३. ३ वर्षभित्र सबै नागरिकमा स्वास्थ्य बिमा पुर्‍याउने नेपाल सरकारको लक्ष्य बमोजिम आगामी आवमा हुने स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रमलाई उच्च महत्व दिई आवश्यक सहयोग गरिनेछ । बजेट सीमाभित्र रही असहाय र आर्थिक अवस्था कमजोर भएका बिरामीहरुको स्वास्थ्य उपचारार्थ आर्थिक सहयोग प्रदान  गरिनेछ । निश्चित सूचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिका र योगदानको उच्च मूल्यांकन गरी प्रोत्साहित गरिनेछ  । साथै सबै स्वाथ्यकर्मीहरुको मनोबल उच्च राख्ने विषयमा नगरपालिकाले आवश्यक भूमिका निर्वाह गर्नेछ ।

१४. निःशुल्क प्राप्त हुने औषधीहरुको समयमै नियमितरुपमा उपलब्ध गराउने, कोरोना संक्रमण नियन्त्रण र उपचार गर्ने, सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य सामाग्री र उपकरण खरीद, आमा सुरक्षा कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण, उपचारात्मक सेवा प्रवाह, पोषण सुधार, प्राथमिक स्वास्थ्य सेवा आदि जस्ता कार्यक्रमहरु स्वास्थ्य क्षेत्र अन्तर्गत सञ्चालन गरिनेछ ।

**शिक्षा**

१५. सभ्य, मर्यादित र समृद्ध जीवनको आधार समेत शिक्षा भएकोले यसलाई मौलिक हकको रुपमा स्वीकारिएको हुनुपर्दछ । कोरोना संक्रमणको जोखिमले गर्दा लामो समय विद्यालय सञ्चालन हुन नसकेको परिस्थितिबिच हामी गुज्रिरहेका छौं । यो जोखिम छिट्टै नियन्त्रणमा आई विद्यालयहरु पूर्ववत रुपमा सञ्चालन हुने अपेक्षा लिइएको छ । विपद्को यो समयमा औपचारिक शिक्षा प्राप्तिका वैकल्पिक विधिहरुको समेत खोजी र प्रयोग भै रहेको छ तर पर्ख र हेर कै स्थितिमा रहेका छौं ।

१६. सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु, विषयगत र क्षेत्रगत शिक्षकहरुको व्यवस्थापन गर्नु, बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्नु, बजारको माग अनुसारको जनशक्ति तयार गर्नु, प्राविधिक धारको शिक्षालाई व्यवस्थित बनाएर लैजानु, विद्यालयहरुमा उपयुक्त पूर्वाधारको विकास गर्नु, प्रविधिमैत्री र बालमैत्री वातावरण तयार गर्नु,

बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्नु शिक्षा क्षेत्रका मुख्य मुख्य कार्यभार भएकोले बेसीशहर नगरपालिकाको आगामी
आर्थिक वर्षको शिक्षातर्फको नीति तथा कार्यक्रम पनि यिनै सवालहरुको सेरोफेरोमा रहेको व्यहोरा अनुरोध गर्दछु।
१७. पूर्वाधार भएका मावि तहका विद्यालयहरुमा प्राविधिक र व्यवसायिक धारको विद्यालय सन्चालनका लागि प्रोत्साहित गर्ने, निःशुल्क र आधारभूत शिक्षामा शत प्रतिशत बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने, माथिल्लो तहका स्थायी शिक्षकहरुमध्येबाट उत्कृष्ठ कार्यक्षमता भएको शिक्षकहरुलाई प्र.अ. मा नियुक्त गर्ने, शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रअहरुसंग कार्यसम्पादन करार गर्ने, सरोकारवालाहरुको बिचमा अन्तर्क्रिया र छलफल गर्ने जस्ता नीति र कार्यक्रम तय गरिएको छ। मावि कक्षा १२ सम्म सन्चालन भई दरबन्दी नपाएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन मिलाउने कार्यमा आवश्यक कार्य गरिनेछ। विद्यालय एकिकरण तथा तहगत एकिकरणका कार्यहरुलाई पनि आवश्यकतानुसार अघि बढाइनेछ।

१८. मूल्यांकनको निश्चित मापदण्ड तयार गरी सामुदायिक र संस्थागत विद्यालयहरुको वर्गीकरण गर्ने, विद्यालय वर्गीकरणको आधारमा संस्थागत विद्यालयहरुले लिन पाउने अधिकतम् शुल्कको सीमा तोक्ने, विद्यालयहरुमा शुद्ध पिउनेपानी, व्यवस्थित शौचालय, बालमैत्री फर्निचर, सुरक्षित खेलमैदान तथा प्रविधिको प्रयोग बढाउने गरी कामर्यक्रमहरु सन्चालन गरिनेछ। विद्यालय तहदेखि नै खेलकुद, स्काउट, योगाभ्यास जस्ता कार्यक्रमहरु सन्चालन गर्ने, प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित बनाउने, विपन्न जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने, सृजनात्मक क्षमतालाई प्रोत्साहन गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ।

१९. कोभिड १९ संक्रमणको जोखिम रैरहेमा डिजिटल पाठ्यसामाग्रीहरु विकास गर्ने, भर्चुअल कक्षा सन्चालन गर्ने टेलिभिजन एवम् रेडीयोमार्फत कक्षा सन्चालन गर्ने जस्ता वैकल्पिक शिक्षा प्रणालीको उपयोग गरिनेछ।

२०. बेसीशहरमा प्राविधिक शिक्षालयको स्थापना गर्न पहल गरिनेछ। बेसीशहरमा रहेको मर्स्याङ्दी सामुदायिक क्याम्पसलाई बहु विषय शिक्षण केन्द्रको रुपमा विकास गर्नको लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**युवा तथा खेलकुद**

२१. "सबैका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने अभियानका साथ खेलकुद सम्बन्धी प्रतियोगिता सन्चालनका लागि स्थानीय खेलकुद सम्बन्धी संघ/संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।

२२. सहजी खेल मैदानलाई सहजी रंगशालाको रुपमा परिणत गर्ने गरी पूर्वाधार विकास गरिनेछ। यसको लागि बाह्य श्रोत समेत खोजी गरिएको छ। त्यसै गरी निर्माणाधिन कभर्ड हलको निर्माण कार्य श्रोतको खोजी गर्दै आगामी आवमा जारी रहनेछ। प्रत्येक वडामा कम्तिमा १/१ वटा खेलकुद मैदान निर्माण सुधारको लागि कार्यक्रम राखिनेछ।

२३. बेसीशहर मेयर कप खेलकुद प्रतियोगिता सन्चालन गरिनेछ भने त्रिवेणी कप खुल्ला राष्ट्रिय फुटबल प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्ड लगायत अन्य खेलकुद प्रतियोगिताहरुमा यथोचित सहयोग पुर्‍याइनेछ।

२४. कोरोना संक्रमणको कारण रोजगारको खोजीमा रहेका युवाहरुलाई स्वरोजगारमूलक तालिममा सहभागी हुने अवसर प्रदान गरिनेछ। विभिन्न सीपमूलक तालिम प्राप्त युवाहरुलाई उद्यम व्यवसाय सन्चालन गर्न उत्प्रेरित गरिनेछ। शासकीय प्रक्रियामा युवाहरुको सहभागिता वृद्धि गर्ने, युवाद्वारा सन्चालित उद्यम व्यवसायमा सहयोग गर्ने, सामाजिक कुरीति, विभेद र विसंगित विरुद्ध युवा परिचालन गर्ने नीति लिइनेछ।

**खानेपानी तथा सरसफाई**

२५. खानेपानी तथा सरसफाई मानव जीवनको विविध पक्षमा प्रभाव पार्न सक्ने क्षेत्र भएकोले सबै नगरवासीहरुलाई सुविधाजनकरुपले स्वच्छ, र सुरक्षित खानेपानीको व्यवस्था गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ। दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार भन्ने नारालाई आत्मसात् गर्दै एक घर एक धाराको अवधारणा बमोजिम खानेपानी योजनाहरु सन्चालन गरिनेछ। जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको मूहत मर्मत तथा सुधार विस्तार गर्दै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ। ठूला प्रकृतिका खानेपानी आयोजनाहरु संघ

र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिनेछ ।

२६ पिउने पानीको शुद्धिकरणको लागि कम्तिमा एक घर एक फिल्टर जडान गरी पानीजन्य संक्रमणबाट बच्न सबै नगरबासीमा अपिल गर्दै कार्यक्रम सञ्चालन गरिनेछ । घर र सार्वजनिक धाराबाट निस्कने फोहरपानीको व्यवस्थापनमा पनि उचित ध्यान पुर्‍याइनेछ । सबै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा युवा क्लब तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामाजिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

२७ जलश्रोतको बहु उपयोग र पुनरुपयोगलाई प्रोत्साहन गरिनेछ । खानेपानीको श्रोत संरक्षणको लागि श्रोतको नजिक रहेका समुदायहरुलाई अभिप्रेरित गरिनेछ । नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

२८. महिलामाथि हुने सबै प्रकारका हिंसा र कुप्रथा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने, लैंगिक खण्डीकृत तथ्यांक राख्ने प्रणालीको विकास गर्ने, विपन्न महिलाहरुको जिविकोपार्जनमा सहयोग गर्ने, हिंसा पीडित महिलाहरुको उद्धार गर्ने, महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरणको लागि महिलासंग उपभेयर कार्यक्रम सञ्चालन गर्ने गरी आगामी आवको बजेट विनियोजन गरिनेछ ।

२९ बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई संरक्षण गर्ने, बाल विवाह र बालश्रम न्यूनीकरण गर्ने, बालमैत्री पूर्वाधारको विकास गर्ने र सिंगो बालमैत्री वडा घोषणालाई मद्धत पुर्‍याउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बालबालिकाको लागि खेलकुद लगायत अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउन विद्यालयहरुलाई सहयोग गरिनेछ । सबै वडाहरुमा बालमैत्री तालिमहरु सञ्चालन गरिनेछ । बालबालिकाको विकासको लागि अभिभावक शिक्षालाई समेत प्राथमिकता दिइनेछ ।

३० अपांगता भएका व्यक्तिहरुको आवागमनलाई सरल बनाउन सहायता सामाग्रीहरु उपलब्ध गराउने, अपांगता भएका व्यक्तिहरु वा व्यक्तिका परिवारजनको आय आर्जनमा टेवा पुग्ने खालका कार्यक्रम सञ्चालन गर्ने, आवश्यक स्वास्थ्योपचारमा मद्धत गर्ने, अपांगता परिचय पत्र लिन बाँकी रहेका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराउने, परिचय पत्र नविकरण गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१ जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तर्क्रिया तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । आफ्ना आमाबाबुलाई सन्तानले स्वतस्फूर्त अनिवार्य हेरचाह गर्ने पद्धतिको विकासको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिक दिवा सेवा केन्द्र वा जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्न चाहने सामुदायिक संगठनलाई प्रस्तावनाको आधारमा सहयोग गरिनेछ ।

३२ आर्थिक र सामाजिक रुपले पछाडि परेका विपन्न दलित समुदायको सामाजिक र आर्थिक सशक्तिकरण हुने तथा प्रत्यक्ष फाइदा पुग्ने खालका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । साथै जातीय विभेद उन्मुलनका लागि सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

**सामाजिक सुरक्षा र न्याय**

३३ कोरोना महामारीले जोखीममा पर्न गएका विपन्न गर्भवती र सुत्केरी महिला तथा अपांगता भएका व्यक्तिहरुलाई राहतको व्यवस्था गरिनेछ । गरिबीको रेखामुनि रहेका अति विपन्न घरपारिवारहरुलाई परिचयपत्र उपलब्ध गराइनेछ । जीर्ण, कच्ची तथा जोखीमपूर्ण घरमा जीवन गुजारा गरिरहेका विपन्न परिवारको आवास सुधारको लागि जस्तापाता लगायतको जिन्सी सामाग्री सहयोग उपलब्ध गराइनेछ ।

३४. नेपाल सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई स्थानीय तह मार्फत वितरण गर्ने क्रममा बेसीशहर नगरपालिकाले बैंकिङ प्रणालीबाट भत्ता उपलब्ध गराएको स्थितिमा बैंकहरुलाई समुदायमै पुगेर वितरण कार्यमा सहजता ल्याउन आवश्यक सहयोग प्रदान गरिनेछ। सामाजिक सुरक्षा भत्ता पाउनेहरुको नामावली सफ्टवेयर मार्फत अद्यावधिक गर्ने कार्य निरन्तर भइरहने व्यहोरा अनुरोध गरिन्छ।

३५. उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिलाई थप सक्रिय र व्यवस्थित बनाउँदै लगिनेछ। वडास्तरमा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुलाई सञ्चालनमा ल्याई कतिपय विवादहरुलाई मध्यस्थकर्तामार्फत वडास्तरमै मिलाउने परिपाटीको विकास गरिनेछ।

**संस्कृति र कला साहित्य**

३६. नगरक्षेत्र भित्र परम्परागतरुपमा रहेका धार्मिक र सांस्कृतिक रुपले महत्व राख्ने सबै मौलिक संस्कृतिको जगेर्ना गर्नको लागि आयोजना गरिने पर्व महोत्सव लगायतका कार्यक्रममा नगरपालिकाको साथ र सहयोग रहनेछ। बेसीशहरको मौलिक पहिचान बोकेका सबै सम्प्रदायको मौलिक लोकसंस्कृति, भेषभूषा, परम्परागत प्रयोग सामाग्री आदिको संरक्षण र सम्बर्द्धन गरिनेछ। यसको लागि सांस्कृतिक संग्रहालय स्थापनामा जोड दिइनेछ।

३७. कला साहित्य समाजको ऐना हो, समकालिन समाजको कोमल शैलीबाट चित्रण गर्ने माध्यम पनि हो र सभ्य समाजको गहना पनि हो। बेसीशहर नगरपालिका कला साहित्यको माध्यमबाट समाजको रुपान्तरणमा योगदान दिन सकिन्छ भन्ने मान्यतामा रहेको हुँदा कला साहित्यको उन्नयनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ। कला र साहित्यका विधाहरुमा कलम र कुची चलाउने सबै सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीति लिइएको छ।

**कृषि**

३८. समृद्धि हासिल गर्ने प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रले देशको कुल ग्राहस्थ उत्पादनको २७ प्रतिशत योगदान पुर्‍याएको देखिन्छ। दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य तथा नेपालको संविधानले प्रत्याभुत गरेको खाद्य सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्नको लागि पनि हामीले कृषि क्षेत्रको विकास गर्नु अपरिहार्य छ। अझ भन् कोभिड-१९ ले प्रभावित पारेको ठूलो श्रमशक्तिलाई कृषितर्फ आकर्षण गर्नु हाम्रो मुख्य चुनौती र अवसर हो। कृषि क्षेत्रको विकासको लागि कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषकहरुलाई सिंचाई, मल, बीउ, पूँजी र प्रविधिको सहज पहुँच पुर्‍याई कृषि उत्पादन बढाउने र कृषि पेशामा रोजगारी सिर्जना गर्ने गरी कार्यक्रमहरु तय गरिनेछ।

३९. २४ सै घण्टा कृषि कार्यमा संलग्न भएर पनि बाह्र महिना खान नपुग्ने स्थिति आज पनि विद्यमान छ। कृषितर्फका हालसम्मका अनुदानका प्याकेजले मात्रै पनि समस्याको हल हुन सकेको देखिँदैन। उत्पादन लागत बढी पर्न गएको कारण कतिपय कृषकहरु कृषि पेशाबाट विमुख हुँदै जमिनहरु बाँझो राख्न बाध्य भएको पाइन्छ। यी सबै यथार्थतालाई मध्यनजर राखी एकातिर व्यवसायिक कृषकहरुलाई यान्त्रिकीकरण र व्यवसायीकरणमा मद्दत पुर्‍याउनु पर्दछ भने अर्कोतिर साना र मझौला कृषकहरुलाई पनि सेवाटेवाको कार्यक्रम मार्फत क्रमशः स्तरोन्नति गर्दै लैजानु पर्ने देखिन्छ। कृषि कर्ममा लागिरहेका अति विपन्न कृषकहरुलाई समेत सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। नगरपालिकाका कृषि कार्यक्रमहरु यिनै विषयहरुतर्फ केन्द्रित गरिनेछ।

४०. कृषिको उत्पादनमा अनुदान दिने नीति अवलम्बन गर्ने कि भन्ने सोचमा नगरपालिका रहेको थियो। तर त्यसको लागि सबै वडामा कृषि सहकारी जस्ता भरपर्दो खरीद संयन्त्र एवम् सञ्जालको विकास हुनु जरुरी छ। कृषकले बिक्री गरेको उत्पादनको यथार्थ तथ्यांक उपलब्ध गराउने दिगो खालको संगठनको आवश्यकता पर्दछ। यस्ता संस्थाहरु उत्पादनको बढोत्तरी भए पछि स्वतस्फूर्त रुपमा स्थापना हुँदै पनि जानेछन् र एक दिन उत्पादनमा अनुदान दिने स्थितिमा पुग्नेछौं भन्ने लागेको छ।

४१ **"स्थानीय उत्पादन नै राम्रो- बेसीशहरको बजार हाम्रो"** को मर्म अनुरुप स्थानीय बजारमा बाहिरी आयातलाई न्यूनीकरण गरी आन्तरिक उत्पादनले स्थानीय बजारको मुख्य हिस्सा ओगट्ने उद्देश्यका साथ कृषि सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ । यसको लागि कृषितर्फ व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम, खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम, सघन बाली विकास कार्यक्रम, यान्त्रिकिकरण कार्यक्रम, पालिकास्तर बीउ आत्मनिर्भर आयोजना, ग्रामीण जिविकोपार्जन सहयोग कार्यक्रम, कृषि प्रसार सेवा टेवा कार्यक्रम, बेरोजगार युवा लक्षित कृषि प्याकेज जस्ता कार्यक्रमहरु प्रस्ताव गरिएको छ । यसै गरी पशुसेवातर्फ घाँस विकास कार्यक्रम, नश्ल सुधार कार्यक्रम, दूध र मासुमा आत्मनिर्भर कार्यक्रम, बजारीकरण कार्यक्रम, गोठ सुधार कार्यक्रम, उपचार सेवा, यान्त्रिकिकरण कार्यक्रम, कुखुरा तथा माछा विकास, चरनखर्क सुधार, युवा व्यवसाय शुरुवात जस्ता कार्यक्रमहरु अघि सारिनेछ । मापदण्ड निर्धारण गरी स्थलगत अनुगमन समेतका आधारमा कृषि/पशु अनुदान उपलब्ध गराइनेछ । कृषकहरुलाई घरदैलो तथा खेतबारीमा नै प्राविधिक सहयोग गर्नको लागि कृषि र पशुसेवातर्फ जनशक्ति थप गरिनेछ ।

४२ जग्गा चक्लाबन्दी, गह्रा सुधार तथा बाँझो जमिनमा खेती गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति लिइएको छ । उत्पादन बढाउनको लागि समुदायमा कम्पोष्ट मल बनाउने तरिका र प्रविधिबारे स्थानीय स्तरमा अभिमुखीकरण गरिनेछ । वडाहरुमा उत्पादित कृषि उपजहरु बजारमा लैजानु अघि संकलन गर्ने संकलन केन्द्रहरुको विकास गर्नु पर्ने देखिन्छ । यसको लागि भै रहेका सामुदायिक भवनलाई उपयोग गर्न पनि सकिने वा आवश्यकता अनुसार तरकारी संकलन केन्द्र निर्माण गर्ने नीति लिइएको छ । मोवाइल एप मार्फत कृषि सम्बन्धी जानकारी र सूचना उपलब्ध गराउने संघीय सरकारको नीतिलाई नगरपालिकाले उच्च महत्व दिई आवश्यक सहयोग पुऱ्याउने नीति लिइएको छ ।

४३ पशु तथा बाली बिमाका लागि कृषकहरुलाई प्रेरित गरी जोखिम न्यूनीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । विभिन्न सूचकहरुको आधारमा उत्कृष्ट कृषक छनौट गरी "नगरपालिका मेयर कृषि पुरस्कार" द्वारा सम्मानित गरिने छ । कृषि तथा पशुमा सुलभ ब्याजमा सहज रुपमा कृषकले ऋण प्राप्त गर्नको लागि वित्तिय संस्थाहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

**उद्योग वाणिज्य, सहकारी**

४४ आर्थिक विकासको प्रमुख आधारस्तम्भको रुपमा उद्योग वाणिज्य क्षेत्र रहेको हुँदा नीजि क्षेत्रलाई उद्योग व्यवसाय स्थापना र सन्चालनमा सहज वातावरण तयार गर्दै आवश्यक सहजीकरणको लागि नगरपालिकाबाट भूमिका निर्वाह गरिनेछ । प्रदेश सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको योजना बमोजिम नगरपालिकाबाट हाल प्रस्ताव गरिएको स्थानलाई यथावत राखी अफ उपयुक्त स्थानको खोजी गरिनेछ । व्यापार पूर्वाधारको विकासमा पनि नीजि क्षेत्रको सहाभागितालाई प्रवर्द्धन गरिनेछ ।

४५ उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड अनुरुप बजारको अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ । सूचिकृत गरिएका सबै व्यापार व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य दर्ता गराई नगरपालिकाको छाता भित्र ल्याउने र सुरक्षण दिने व्यवस्था मिलाइनेछ ।

४६ नयाँ उद्यमीहरुको सिर्जना गर्ने, भैरहेका उद्यमीहरुको स्तरोन्नति गर्ने तथा उद्यमीहरुलाई प्रविधि हस्तान्तरणका कार्यहरु गरी सशर्त अनुदान समेतबाट लघु उद्यम विकास कार्यक्रम सन्चालन गरिनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूंजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ । सन्चालन भएका सहकारीहरुलाई अनिवार्यरुपमा सामाजिक उत्तरदायित्व पुरा गर्न लगाइनेछ ।

**श्रम तथा रोजगारी**

४७ रोजगारी पनि सिर्जना हुने स्थानीय विकास निर्माणको कार्य पनि सम्पन्न हुने हुँदा नगरपालिकाको सार्वजनिक विकास निर्माणका योजनाहरु सम्भव भएसम्म स्थानीय श्रममूलक प्रविधिबाट गर्ने गरी प्राथमिकता दिइनेछ । यसै मर्म अनुरुप

सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी बेरोजगारको सूचीमा रहेका व्यक्तिहरुलाई रोजगारी सिर्जना गरी विकास निर्माण कार्य अघि बढाइनेछ । साथै कृषि,पशु लगायतको क्षेत्रमा उद्यमशिलता प्रवर्द्धन गरी स्वरोजगार सिर्जना गरिनेछ ।

३८. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सूचना बैंक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थापन गरिनेछ । व्यक्तिहरुको सीप, अनुभव र रुचिको अभिलेख राखी नीजि क्षेत्र र प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन सहयोग पुर्‍याइनेछ ।

३९. कोरोना महामारीले गर्दा रोजगारी गुमाएका, विदेश जानबाट रोकिएका, विदेशबाट फर्किएका व्यक्तिहरुको लागि नयाँ उद्यम तथा व्यवसाय स्थापना र सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ । साथै सीप, क्षमता र रुचिका आधारमा लामो र छोटो अवधीका विभिन्न खाले सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ । आवश्यकतानुसार सीप रुपान्तरण समेत गरेर तालिम प्रदान गर्न सकिनेछ । साथै तालिम प्राप्त व्यक्तिहरुलाई उद्यम व्यवसाय सञ्चालनको लागि आर्थिक अवस्था हेरी सहुलियत दरमा मेसिन, औजारहरु उपलब्ध गराइनेछ साथै शुरुवाती बीउपूँजीको लागि सहुलियत दरमा ऋण उपलब्ध हुने व्यवस्थाको लागि वित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ ।

पर्यटन

४०. नगरपालिकाले पर्यटन विकास योजना समेत निर्माण गरी पर्यटन क्षेत्रको क्रमिक विकास गर्दै आइएकोमा विद्यमान कोरोना संक्रमणको जोखिमले यो क्षेत्र राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै शिथिल बनेको देखिन्छ । कोरोना जोखिम नियन्त्रण हुनासाथ यस क्षेत्रलाई शिघ्र पुनर्स्थापित गर्नको लागि आवश्यक पर्यटकीय पुर्वाधार निर्माण गर्ने कार्यलाई जारी राखिनेछ । पर्यटन क्षेत्रको पुनरुत्थानको लागि कसरी जान सकिन्छ भन्ने बारे सरोकारवालाहरु र विज्ञ समुहसंगको सहभागितामा विचार गोष्ठी समेत आयोजना गरी आवश्यक रणनीति तयार गरिनेछ ।

४१. बेसीशहर नगरपालिकासंग प्रख्यात होमस्टे गाउँहरु छन्, ऐतिहासिक किल्ला र गढी छन्, बराहपोखरी जाने रुटहरु छन्, सांस्कृतिक सम्पदाहरु छन्, धार्मिक स्थलहरु छन्, सुविधासम्पन्न पर्यटकीय होटलहरु छन् । यिनै सम्पतिलाई उजागर गर्दै पर्यटकीय गतिविधि विस्तार र विविधीकरण गर्दै लगिनेछ । शाह वंशको उद्गमस्थल गाउँशहर स्थित लमजुङ दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ ।

४२. पर्यटकीय क्षेत्रको वातावरणलाई स्वच्छ राख्ने, सरसफाईमा ध्यान दिने, सूचना प्रविधि सुदृढ पार्ने, सुरक्षाको प्रबन्ध मिलाउने, पहुँच मार्गको स्तरोन्नति गर्ने, पर्यटकीय उपजमा Value add गर्दै लैजाने, पर्यटकीय गाउँको खानपान एवम् बसाइ व्यवस्थापनलाई परिस्कृत बनाउने जस्ता कार्यहरुमा ध्यान दिइनेछ । यसको लागि तालिम तथा भ्रमणको पनि व्यवस्था मिलाइनेछ ।

४३. पुरानकोट गढीमा निर्माणधिन स्तुपा सहितको भ्यू टावरलाई आगामी वर्ष सम्पन्न गरिनेछ । बेसीशहर बाँझाखेत थिरेडाँडा बराहपोखरी सम्मको सडक निर्माण कार्यलाई बराहपोखरीमा सडक नपुगेसम्म निरन्तरता दिइनेछ । यसको लागि बाह्य श्रोतको पनि खोजी गरिएको छ । साथै प्रदेश सरकारसंग समेत साझेदारी गरिएको बेसीशहरदेखि लमजुङ दरबार सम्मको पक्की पदमार्ग निर्माण कार्यलाई पनि निरन्तरता दिइनेछ । बेसीशहरको कपुरेश्वर पार्कलाई आगामी वर्ष सम्पन्न गरिनेछ ।

सडक यातायात

४४. विगत केही वर्षदेखि सबै गाउँबस्तीहरुको पहिलो प्राथमिकतामा सडक यातायात पर्ने गरेको छ र पर्नु पनि स्वभाविक छ किनभने विकासको मुख्य पूर्वाधार तथा पहिलो शर्त सुविधायुक्त र सुरक्षित सडक सञ्जालको विकास नै हो । बेसीशहर नगरपालिकाले पनि यसैलाई हृदयंगम गरी सडक यातायातको स्तरोन्नतिमा जोड दिएर जाने रणनीति लिएको छ । तर पहाडी भिरालो भुभागमा सडक निर्माण कार्यको लागि लाग्ने लागत र विनियोजन गरिने रकम बिच सन्तुलन कायम गर्ने विषय श्रोतको कारण चुनौतीपूर्ण छ । जसले गर्दा सबै सडक योजनाहरु विगत लामो समयदेखि सम्पन्न हुन नसकी अधुरो अवस्थामा नै रहन पुगेका छन् ।

५५. नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुमा संघ, प्रदेश र नगरपालिकाको श्रोतमा दोहोरोपना हुन नदिई रकम विनियोजन गरिनेछ । यदि दोहोरोपना औचित्यपूर्ण भएमा चेनेज छुट्याएर मात्र निर्माण कार्य अघि बढाइनेछ । सडक स्तरोन्नतितर्फ कम्तिमा ८० प्रतिशत रकम पक्की नाली, टेवा पर्खाल, ग्राभेलिङ जस्ता संरचना (structure) निर्माणमा लगानी गर्ने व्यवस्थालाई पूर्ण रुपमा पालना गरिनेछ । वर्षात्को कारण क्षतिग्रस्त हुने सडकहरुमा मनसुन सकिएपछि मर्मत सम्भार कोषबाट सडक सुधार गर्ने सम्मको मर्मत कार्य गरिनेछ । प्रदेश र संघस्तरका सडक योजनाहरुमा भएका कार्यहरुमा पनि नगरपालिकाको निगरानी बढाइनेछ । प्रदेश र संघीय सरकारको सडक लगायतका पूर्वाधार योजनाहरुमा साझेदारी गर्नको लागि समपुरक कोषमा रकम विनियोजन गरिनेछ ।

५६. कोरोना संक्रमणका कारण गाउँबस्तीमा युवा जनशक्तिको उपलब्धता साविकभन्दा बढी हुन सक्ने अवस्था सिर्जना भएकोले सडक निर्माण तथा स्तरोन्नतिको कार्यमा श्रममूलक प्रविधिको उपयोग बढी हुने गरी कार्य गरिनेछ । नगरपालिकाको केन्द्रबाट वडा कार्यालयसम्म पुग्ने सडकहरु कुनै पनि अवस्थामा अवरुद्ध हुन नदिई बाह्रै महिना सञ्चालनमा ल्याइनेछ । बजार क्षेत्रमा स्थानीय समुदायसंगको लागत साझेदारीमा सडक कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ । आगामी आर्थिक वर्ष भित्र नगर यातायात गुरु योजना निर्माण कार्य सम्पन्न गरिनेछ । बेसीशहर नगरपालिकाको ११ वटै वडा जोड्ने बाहिरी चक्रपथ (Outer Ringroad) को अवधारणा अनुरुप विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । शहरी पूर्वाधार तर्फका कार्यहरुलाई क्रमशः व्यवस्थित बनाउँदै लगिनेछ । भित्री सडकहरुमा पक्कीनाला मर्मतको कार्य अघि बढाइनेछ । सडक मापदण्डमा तीन तहका सरकार बिच एकरुपता कायम गर्न आवश्यक पहल गरिनेछ ।

५७. घर तथा अन्य संरचना निर्माण गर्दा सडक मापदण्डको पालना गर्न सबै नगरबासीहरुमा अपिल गरिएकोमा यदि कसैले सडक मापदण्ड मिच्न खोजेमा तुरुन्त कारवाहीको दायरामा ल्याइनेछ । सडक निर्माण कार्यको कार्यान्वयन उपभोक्ता समितिमार्फत वा ठेक्का बन्दोबस्तीबाट समयमै गरिनेछ । बेसीशहरको आउटर रिङ रोडको कार्यमा आवश्यक सहयोग हुन संघीय र प्रदेश सरकारमा अनुरोध गरिनेछ । बेसीशहर नाल्माफेदी सुरुङमार्ग सम्भाव्यता अध्ययनको लागि संघीय तथा प्रदेश निकायहरुसंग अनुरोध गरिनेछ ।

### सिंचाई

५८. कृषिसंग प्रत्यक्ष सम्बन्ध राख्ने क्षेत्र भएको हुँदा सिंचाई प्रणालीको विकासमा जोड दिई कृषि उत्पादन बढाउने नीति लिइएको छ । नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ । गाउँबस्तीहरुमा खोला खोल्सीहरुबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको स्तरवृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ । मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिँदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ ।

५९. सडक संरचना निर्माणको क्रममा परम्परागत रुपमा पानी बग्ने रुटमा फेरबदल आउन सक्ने कारणले गराफाँटहरुमा सडकपानी कटाएर सिंचाई गर्न कठिन भएको हुँदा सडक निर्माण तथा स्तरोन्नतिको क्रममा क्रस पाइपहरु राखी सिंचाई सुविधालाई अविच्छिन्न बनाउन आवश्यक देखिएको छ । यसको लागि सिंचाई पाइपहरुमा उपभोक्तासंगको लागत साझेदारी गरी क्रस पाइपहरु राखिनेछ । नयाँ निर्माण गर्ने सडकहरुमा लागत इष्टिमेटमै पाइपहरुको व्यवस्था मिलाइनेछ । बाढी पहिरोको कारण कुलोहरु अवरुद्ध भई खनेर ल्याउन कठिन हुने स्थानमा सिंचाई पाइपको लागि पनि उपभोक्तासंग लागत साझेदारी गरिनेछ । केही ठूला तथा मझौला प्रकृतिका सिंचाई योजनाहरु प्रदेश सरकारबाट समेत सम्बोधन हुने हुँदा सोही अनुसार सिंचाई क्षेत्रमा बजेट विनियोजन गरिनेछ ।

### भवन तथा शहरी विकास

६०. शहर तथा मानव बस्तीलाई सुरक्षित, वातावरणमैत्री, विपद प्रतिरोधी, सुन्दर, सफा, आधुनिक पूर्वाधारयुक्त बनाउने लक्ष्य बमोजिम **"हामी सबैको रहर- सुविधायुक्त व्यवस्थित बेसीशहर"** को अवधारणालाई निरन्तरता दिँदै भवन तथा शहरी

विकास मन्त्रालयले तयार गरेको नगरपालिकाको एकिकृत शहरी पूर्वाधार विकास योजना समेतलाई आधार मानी शहरी पूर्वाधार विकासका कार्यहरु अघि बढाइनेछ ।

६१ एकिकृत शहरी भौतिक पूर्वाधार विकासको अवधारणा अनुरुप गरिने कार्यहरुको लागि सबै सरोकारवाला निकायहरु बिच आपसी सहकार्य र तालमेल मिलाउनको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ । खानेपानी तथा ढल निकास विभागसंग साझेदारी गर्दै ढल निकासको प्रवन्ध मिलाइनेछ ।

६२ चालु आवबाट स्थानीय समुदायसंग ५०/५० को लागत साझेदारीमा सामुदायिक भवन निर्माण, स्तरोन्नति तथा मर्मतको लागि नगरपालिकाले व्यहोर्ने अधिकतम सीमा प्रति योजना रु ५ लाख कायम राख्ने नीतिलाई आगामी आव २०७७/०७८ मा पनि निरन्तरता दिइनेछ । समुदायमा रहेका सामुदायिक भवनहरुलाई बहुउद्देश्यीय बनाउनेतर्फ ध्यान दिइनेछ ।

६३ सुरक्षित बसोबास र व्यवस्थित बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । प्राविधिक हिसावले सुरक्षित एवम् उपयुक्त, आर्थिक दृष्टिले सम्भाव्य तथा वातावरणीय दृष्टिले सन्तुलित बस्ती विकास र भवन निर्माणलाई प्राथमिकता दिइनेछ । भूकम्पको सर्वेक्षणमा पूर्ण क्षतिमा परेको घर नभत्काई अनुदानबाट अर्को घर बनाएका व्यक्ति र परिवारहरुलाई उक्त पुरानो घरको जोखीम आफैले मात्र वहन गर्नु पर्ने बारेमा सचेत गराइनेछ ।

**विद्युत/ऊर्जा**

६४ विद्युत लाइन आउने जाने भै रहने समस्याको दीर्घकालिन समाधानको लागि नगरपालिकाले सरोकारवालाहरुसंग समन्वय बैठक राखी समस्याको समाधानको कार्ययोजना तयार गरिनेछ । विद्युतको समस्याहरुबारे सबै वडाहरुबाट प्राप्त भएका समस्याको समाधानको लागि बजेट विनियोजन गरिनेछ । खाना पकाउने इन्धनको लागि विद्युतीय (इन्डक्सन) चुलो दीर्घकालिन दृष्टिकोणले बढी उपयोगी हुने देखिएको हुँदा उपभोक्ताहरुलाई उक्त चुलोको उपयोग बढाउन प्रोत्साहित गरिनेछ ।

६५ काठका पोलहरु पूर्णरुपमा हटाई स्टिलका विद्युत पोलहरु जडान गर्ने, नयाँ घर संरचनाहरु बनेका स्थानमा विद्युतीकरणको लागि माग बमोजिम स्टिल पोल उपलब्ध गराउने । खुला विद्युतीय तारहरु भएको स्थानमा इन्सुलेसन तारहरु राख्ने कार्य अघि बढाइनेछ । राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमलाई समयमै सम्पन्न गरिनेछ ।

**सूचना प्रविधि तथा सञ्चार**

६६ सञ्चार गृहहरुको संस्थागत पूर्वाधार सुदृढीकरणको लागि यथासक्य सहयोग गर्ने तथा ल्याण्डलाइन टेलिफोन सेवा, मोबाइल तथा इन्टरनेट सेवाको विस्तार र गुणस्तर वृद्धिमा नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

६७ प्रकृतिबाट निःशुल्क प्राप्त वातावरणीय सेवा दिगोरुपमा प्राप्त गरिरहन तथा वातावरणलाई स्वच्छ हराभरा बनाईराख्नको लागि जैविक विविधता संरक्षण, भूक्षय नियन्त्रण, भूमीको समुचित उपयोग, जलाधार संरक्षण जस्ता कार्य स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गरिनेछ । मर्स्याङ्दी नदीले बेसीशहरको स्वच्छता र सौन्दर्यतामा ठूलो योगदान पुऱ्याएको हुँदा यस क्षेत्रमा जलविद्युत योजना सञ्चालन गर्ने विषयमा सरोकारवालाहरु बिच सघन छलफल गरिनेछ ।

६८ सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी सामुदायिक वनभित्र फलफुल खेती, काष्ठजन्य तथा डालेघाँसका बिरुवा रोपण गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६९ कोभिड १९ महामारी नियन्त्रण लगायत फैलन सक्ने अन्य सरुवाजन्य रोगको महामारी नियन्त्रणको लागि आवश्यक सतर्कता अपनाइने छ, जनचेतनामूलक कार्य गरिनेछ र सामना गर्न सक्ने क्षमता विकास गरिनेछ ।

७०. जलउत्पन्नजन्य प्रकोप खास गरी वर्षातको समयमा भवन संरचना, खेतबारी, सडक, खानेपानी मुहान तथा संरचना, पुलपुलेसा, कुलो, पैदलमार्ग आदिमा क्षति पुग्न सक्ने र बाढी पहिरो जानसक्ने भएकोले रोकथाम तथा नियन्त्रणको लागि बजेट व्यवस्थापन गरिनेछ । नगरपालिकाको विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुरुप आवश्यक कार्य गर्दै लगिनेछ ।

७१. विपद्जन्य घटना सकेसम्म हुन नदिनको लागि पूर्व सावधानीहरु बारे कार्यक्रम सञ्चालन गरिनेछ । प्राकृतिक वा गैर प्राकृतिक विपदका घटना घटिहालेमा उद्धार, राहत र पुनर्स्थापनाको लागि यसै वर्ष बनेको पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ । आपतकालिन कार्य सञ्चालन केन्द्रलाई पनि व्यवस्थित रुपमा राखिनेछ ।

७२. आगलागी, बाढी पहिरो, दुर्घटना आदिका कारणले व्यक्ति तथा परिवारमा पुगेको मानवीय तथा आर्थिक क्षतिलाई थोरै भएपनि राहत दिलाउन नगरपालिकाबाट यथाशक्य आर्थिक सहयोग प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७३. जनसमुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि प्रत्येक वडातहमा सचेतना लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । साथै खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू परिचालित हुने सन्दर्भमा उक्त निकायहरुको क्षमता विकास तथा आवश्यक सामान, उपकरण उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

७४. नगरपालिका तथा वडा कार्यालय समेतबाट प्रवाह गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउने, कार्यालयको सेवालाई प्रविधिमैत्री बनाउने, नगरपालिकाका कार्यक्रमहरु कम खर्चिलो रुपमा सम्पन्न गर्ने, तालिम आवश्यकता पहिचान वा क्षमता विकास योजना बनाई जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. उपलब्ध जनशक्तिलाई नगरपालिकाको नीति, कार्यक्रम र उद्देश्यसंग एकाकार हुँदै उक्त उद्देश्य पुरा गर्न मेरो पनि अहम् भूमिका छ भन्ने महशुस गर्दै उत्प्रेरित भएर काम गर्ने वातावरण तयार गरिनेछ । म कार्यालय दश बजे भित्रै पस्नेछु, पुरै समय बस्नेछु, ५ बजे पछि निस्कनेछु र टेबलमा नगरपालिकाको मात्रै काम गर्नेछु भन्ने प्रतिवद्धता सहित कार्य गर्ने वातावरण सृजना गरिनेछ ।

७६. विकास निर्माण कार्यका मुख्य साझेदार उपभोक्ता समिति भएको कारणले उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ भने उपभोक्ता समिति लगायत योजना कार्यान्वयन गर्ने निकाय र प्राविधिकहरुलाई कामको आधारमा पुरस्कार र दण्ड को व्यवस्था गरिनेछ । टोल सुधार समितिहरुलाई चेतनामूलक कार्यक्रम, विभिन्न अभियान तथा विकास निर्माणका क्रममा आउने समस्याहरुलाई समाधान गर्न जिम्मेवार बनाई परिचालन गरिनेछ ।

७७. नतिजामा आधारित अनुगमन प्रणाली अवलम्बन गर्ने तथा विकास निर्माणका कार्यमा आइपर्ने समस्याको तत्काल समाधान गर्ने संयन्त्र निर्माण गरिनेछ तथा कुनै पनि प्रकारको अनियमितता शुन्य सहनशिलताको नीतिलाई कडाईका साथ पालना गरिनेछ । कम्तिमा हरेक २ महिनामा १ पटक जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई वडास्तरमा सञ्चालन गरिनेछ ।

७८. विगत ३ वर्षमा भएका कार्यहरुलाई लिएर मध्यावधी समीक्षा गरिनेछ र समीक्षा प्रतिवेदन प्रकाशन गरिनेछ । नगरपालिकाको गतिविधिहरु समेटिएको बेसीशहर नगर विकास बुलेटिन चौमासिक रुपमा प्रकाशन गरिनेछ । नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन कार्यतालिका बनाई कार्यहरुलाई व्यवस्थित गरिनेछ । पछिल्लो चौमासिक अवधिभित्र ठेक्काबन्दोबस्तीका कार्यहरु सम्पन्न गरिनेछ । योजना तथा प्रगति विवरण पुस्तक तथा प्रोफाइल प्रकाशन गरिनेछ । आगामी आ.व भित्र नगरपालिकाको आवधिक योजना निर्माण गरिनेछ ।

७९. नगरपालिकामा आवश्यकता अनुसारका सफ्टवेयरहरु जडान गरिनेछ । नगरपालिकाको वेभ साइटलाई अझ बढी अद्यावधिक गरिनेछ । नगरपालिकाका कर्मचारी बिचको बैठक, जनप्रतिनिधि र कर्मचारी बिचको बैठक, जनप्रतिनिधि बिचको बैठकलाई थप नियमित र प्रभावकारी बनाइनेछ । विषयगत तथा अन्य गठन भएका समितिहरुको कार्यमहत्वको आधारमा

बैठकको नियमितता गराई थप प्रभावकारी बनाइनेछ। आफ्नो घरको तगारोबाट निस्कने बित्तिकै जनताले भेट्न र गुनासो राख्न पाउने पहिलो सरकार वडा भएकोले वडा कार्यालयहरुको क्षमता विकास र सुदृढीकरणमा जोड दिइनेछ।

८०. सामाजिक क्षेत्रका विभिन्न विधा र विषयमा उल्लेख्य योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान गर्ने कार्यक्रम अघि बढाइनेछ। योजनाहरुको सार्वजनिक परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। नगरपालिकाको सामाजिक परीक्षण गरिनेछ। नगरपालिकाको आन्तरिक राजश्व परिचालनलाई दीगो र प्रभावकारी बनाइनेछ। नगरपालिका भित्र स्थापना र सञ्चालन भएका खानेपानी लगायतका उपभोक्ता समितिहरुलाई नगरपालिकाको छाताभित्र ल्याइनेछ।

८१. नगरपालिकाको बजेट, खर्च, प्रगति विवरण तथा सम्पूर्ण काम कारवाही र गतिविधिहरुलाई वेभसाइट, मोबाइल एप, पत्रकार भेटघाट, सञ्चार माध्यम तथा बुलेटिन मार्फत सार्वजनिक गरिनेछ। गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ। साथै गैर सरकारी संस्थाबाट संचालित कार्यक्रमहरुको निश्चित सुचक र मापदण्ड बनाई अनुगमन गरिनेछ।

८२. वडाहरुमा सिसी क्यामेरा जडान, MIS तालिम सञ्चालन, वडाहरुमा ल्यापटपको व्यवस्थापन, स्वस्थ्य चौकीहरुमा कम्प्युटर जडान, डिजिटल बोर्डको स्थापना जस्ता कार्यहरु गरिनेछ। कार्यालयको अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न Main server को व्यवस्थापन गरी विद्युतिय प्रविधिको प्रयोगलाई अवलम्वन गरिनेछ र कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवाको सम्भव भएसम्म Software निर्माण गरी प्रयोगमा ल्याइनेछ साथै वडाबाट हुने सबै प्रकारका सेवाहरुलाई Main server मा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

**राजश्वका नीतिहरु**

८३. स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकाहरुलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, माटो बिक्री, सामुदायिक बन लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ। तसर्थ, पालिकाको अधिकार क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ।

८४. सम्पती कर, मालपोत तथा भुमिकरका दरलाई समयसापेक्ष र वैज्ञानिक बनाउदै लैजाने क्रममा सम्पतीको मुल्याङ्कन र करको दरमा सामान्य परिवर्तन गरिएकोछ। व्यवसायकर र घरवहाल करको दायरा बढाई नगरपालिकाको आम्दानीको मुख्य श्रोतको रुपमा विकास गरिनेछ। कर प्रशासनलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ।

**आव २०७७।०७८ को कुल अनुमानित आय**

| क्र.सं | शिर्षक | अनुमानित आय (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | १३४३०० | १३ करोड ४३ लाख |
| २. | प्रदेश समानीकरण अनुदान | १२३८९ | १ करोड २३ लाख ८९ हजार |
| ३ | संघीय राजश्व बाँडफाँड | ९१५०११८० | ९ करोड १५ लाख १ हजार १८० |
| ४. | प्रदेश राजश्व बाँडफाँड | ११०८ | ११ लाख ८ हजार |
| ५ | आन्तरिक आय | ३५०८० | ३ करोड ५० लाख ८० हजार |
| ६ | आव २०७६।७७ बाट जिम्मेवारी सर्ने | ६०००० | ६ करोड |
| ७ | सशर्त अनुदान संघ | २६५०७९ | २६ करोड ५० लाख ७९ हजार |
| ८. | सशर्त अनुदान प्रदेश | ५००० | ५० लाख |

| | | | |
|---|---|---|---|
| ९ | समपुरक अनुदान संघ | १५००० | १ करोड ५० लाख |
| १० | समपुरक अनुदान प्रदेश | ५००० | ५० लाख |
| ११ | विशेष अनुदान संघ | ५००० | ५० लाख |
| १२ | सामाजिक सुरक्षा | १२०००० | १२ करोड |
| १३ | सडक बोर्ड | ४५०० | ४५ लाख |
| | **कुल जम्मा** | ७६,११५७ | ७६ करोड ११लाख ५७ हजार १८० |

## आ.व.०७७/७८ को श्रोतगत चालु तथा पुजीगत बांडफांड विवरण

रकम रु. हजारमा

| सि.नं. | बजेटको श्रोत | अनुमानित रकम | श्रोतगत बांडफांड | | कैफियत |
|---|---|---|---|---|---|
| | | | चालु | पुजीगत | |
| १ | नगरपालिका आन्तरिक राजश्व | ३५०८० | २७५७० | ७५१० | |
| २ | समानीकरण अनुदान/संघीय सरकार | १३४३०० | ० | १३४३०० | |
| ३ | राजश्व बाडफाड/संघीय सरकार | ९१५०१ | ७१९५१ | १९५५० | |
| ४ | समानीकरण अनुदान/प्रदेश सरकार | १२३८९ | ० | १२३८९ | |
| ५ | राजश्व बाडफाड/प्रदेश सरकार | ९१०८ | ८६२० | ४८८ | |
| ५.१ | **सशर्त अनुदान/संघीय सरकार** | ० | | ० | |
| ५.२ | शिक्षा/सबैका लागि शिक्षा/ | ११७७०० | ११५६०० | २१०० | |
| ५.३ | स्वास्थ्य | ४७८०० | ४७८०० | ० | |
| ५.४ | कृषि | ३७०० | ० | ३७०० | |
| ५.५ | पशुसेवा | १०० | ० | १०० | |
| ५.६ | लघु उद्यम विकास कार्यक्रम | ३८०० | ० | ३८०० | |
| ५.७ | राष्ट्रिय ग्रामिण नवीकरणीय उर्जा कार्यक्रम | ८०० | ० | ८०० | |
| ५.८ | गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण | १०० | १०० | ० | |
| ५.९ | महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम | ३०० | ३०० | ० | |
| ५.१० | राष्ट्रपति रनिङ.सिल्ड प्रतियोगिता | १०० | १०० | ० | |
| ५.११ | राष्ट्रिय परिचय पत्र तथा पंजीकरण कार्यक्रम | ३९०० | ३९०० | | |
| ५.१२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३०० | ११२४ | ५१७६ | |
| ६ | प्रदेश सशर्त अनुदान | ५००० | ० | ५००० | |
| ७ | एक गाउं एक कृषि प्राविधिक कार्यक्रम | ४७९ | ४७९ | ० | |
| ८ | आ.व. ०७६/०७७ मा खर्च नभई जिम्मेवारी सर्ने | ६०००० | ० | ६०००० | |
| ९ | सडक बोर्ड | ४५०० | ० | ४५०० | |
| १० | सामाजिक सुरक्षा भत्ता | १२०००० | १२०००० | ० | |
| ११ | संघीय समपुरक तथा विशेष अनुदान | २०००० | ० | २०००० | |
| १२ | प्रदेश समपुरक अनुदान | ५००० | | ५००० | |
| | जम्मा | ७६११५७ | ४७७५४४ | २८४४१३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रतिशतमा | १०० | ६२६७ | ३७३३ | |

तालिका ३ : कुल बजेटको विषयगत क्षेत्र अनुसार बाँडफाँड प्रस्ताव (रकम रु. हजारमा)

| क सं | शीर्षक | बजेट रु हजारमा | प्रतिशत |
|---|---|---|---|
| क | आर्थिक विकास | ५०६७९ | ६६५ |
| ख | सामाजिक विकास | ४०५३९३ | ५३२० |
| ग | पूर्वाधार विकास | १८१६०९ | २३८३ |
| घ | वातावरण तथा विपद व्यवस्थापन | १०७०० | १४० |
| ङ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११३४७६ | १४९१ |
| | कुल जम्मा | ७६१९५७ | १०० |

**<u>निर्णय नं. २: आर्थिक विधेयक २०७७ सम्बन्धमा ।</u>**

**बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७७/०७८ का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको निम्नानुसारको आर्थिक विधेयक २०७७ स्वीकृतिका लागि सातौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।**

**प्रस्तावना:**

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम, बेसीशहर नगरपालिकाको सातौं नगरसभाले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो ऐन बनाई लागू गरेको छ ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतदेखि बेसीशहर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले बेसीशहर नगरपालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३.<u>सम्पति कर:</u>**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर र जग्गामा सम्पति कर लगाउने छ ।

(२) उपदफा १ बमोजिम सम्पति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भुमिकर (मालपोत) लगाइने छ ।

*स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ ।*

(३) नगरपालिका क्षेत्रभित्र लगाइने सम्पति करको दर **अनसुची-(१)** बमोजिम हुनेछ ।

(४) सम्पति कर प्रयोजनको लागि जग्गा तथा घरको मूल्याङ्कनको आधार **अनुसूची-१ (क)** बमोजिम हुनेछ ।

(५) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिनेछ ।

(६) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसूची-१ (ख)** बमोजिम जरिवाना असुल गरिनेछ ।

४.<u>भूमि कर (मालपोत):</u>

(१) नगरपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) बक्यौता भुमिकर (मालपोत) मा सतप्रतिशत जरिवाना गरी बाँकी सबै वर्षको असुल गरिनेछ ।

५.<u>घर बहाल कर:</u>

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

(२) घर जग्गा बहालको आधार दरहरु **अनुसूची ३ (क)** बमोजिम हुनेछ ।

(३) चालु आर्थिक वर्षको बहाल कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र बुझाएमा २० प्रतिशत (व्यक्तिको हकमा) छुट गरी असुल गरिनेछ ।

(४) चालु आर्थिक वर्षको बहाल कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसची-३ (ख)** बमोजिम जरिवाना गरी असुल गरिनेछ ।

६.<u>व्यवसाय कर:</u>

